# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन २५ गते, २०८० साल (संख्या २३

## भाग ३

### नेपाल सरकार

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

### सूचना

श्रम नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "श्रम (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>श्रम नियमावली, २०७५ को नियम ११ मा संशोधन:</u>** श्रम नियमावली, २०७५ (यस पछि मूल नियमावली" भनिएको) को नियम ११ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (३) बमोजिम थपिएको अवधिमा कुनै विदेशी श्रमिकलाई प्रतिस्थापन गर्ने दक्ष नेपाली नागरिक तत्काल उपलब्ध हुन नसकी त्यस्तो विदेशी श्रमिकलाई थप अवधि काममा लगाउन आवश्यक भएमा सम्बन्धित मन्त्रालयको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई विभागले पहिलो पटक तीन वर्ष र दोस्रो पटक दुई वर्षभन्दा बढी नहुने गरी बढीमा पाँच वर्षसम्म श्रम इजाजत वा श्रम स्वीकृतिको अवधि थप गर्न सक्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १२ मा संशोधन</u>**: मूल नियमावलीको नियम १२ को-,

(१) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) नियम ११ को उपनियम (४) बमोजिमको अवधि थपका लागि सम्बन्धित मन्त्रालयको सिफारिस पत्र,"

(२) उपनियम (२) मा रहेका "उपनियम (३)" भन्ने शब्दहरु पछि "वा (४)" भन्ने शब्दहरु थपिएका छन्।

**आज्ञाले,**
**केवल प्रसाद भण्डारी**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।